## <u>कार्यपालिका वैठक नं.१३ आ.व.२०८१- ०८२ (२०८२/०१/२६</u>

आज मिति २०८२/०१/२६ गतेका दिन बिहान ८: ०० बजेको समयमाआँबुखैरेनी गाउँपालिकाका अध्यक्ष श्री शुक्र चुमानज्युको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसियो ।

### <u>उपस्थिती</u>

| क्र.स. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | शुक्र चुमान | |
| २ | उपाध्यक्ष | दुर्गा अर्याल | |
| ३ | सदस्य | प्रेम बहादुर गुरुङ | |
| ४ | सदस्य | आस बहादुर गुरुङ | |
| ५ | सदस्य | दिनेश के.सी. | |
| ६ | सदस्य | मिलन भुजेल | |
| ७ | सदस्य | सन्तोष गुरुङ | |
| ८ | सदस्य | दिलिप गुरुङ | |
| ९ | सदस्य | बसुन्धरा गौली | बसुन्धरा |
| १० | सदस्य | सम्झना सुनार | |
| ११ | सदस्य | शुशिला नेपाली | |
| १२ | सदस्य | सुन कुमारी गुरुङ | |
| १३ | सदस्य | गंगा वि.क. | |
| १४ | सदस्य | भुगोल वि.क. | |
| १५ | सदस्य सचिव | विष्णु प्रसाद शर्मा | |
| १६ | प्रशा. सहायक | अपेक्षा श्रेष्ठ चुमान | |
| १७ | का. सहयोगी | बिमला ढकाल | |
| १८ | | | |

Scanned with CamScanner

**कार्यपालिका वैठक नं.१३ आ.व.२०८१- ०८२ (२०८२/०१/२६ का प्रस्तावहरु :**

१. समिक्षा सम्वन्धमा ।

२. भुमिहिन दलित तथा भुमिहिन सुकुम्वासीहरुको विवरण प्रमाणिकरण सम्वन्धमा ।

३. कार्यविधि स्वीकृत गर्ने सम्वन्धमा ।

४. भुक्तानी सम्वन्धमा ।

५. फोकल पर्सनको जिम्मेवारी सम्वन्धमा ।

६. लागु औषध सेवन जाँच गर्न प्रयोग गरिने परिक्षण कीट उपलब्ध गराउने सम्वन्धमा ।

७. विद्यार्थि बचत खाता कार्यक्रम सम्वन्धमा ।

८. लिखित स्पष्टीकरण माग गर्ने सम्वन्धमा ।

९. जनश्रमदानद्धारा योजना निर्माण सम्वन्धमा ।

१०. बुढिमाँ छिम्केश्वरी दर्शन केवलकार आयोजनाको वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन सम्वन्धमा ।

११. शिक्षक सरुवा/व्यवस्थापन सम्वन्धमा ।

१२. उपचार खर्च व्यवस्थापन सम्वन्धमा ।

१३. विपद व्यवस्थापन सम्वन्धमा ।

१४. मागमा आधारित कृषि अनुदान कार्यक्रम सम्वन्धमा ।

१५. नदीजन्य पदार्थ विक्री सम्वन्धमा ।

१६. कर्मचारी व्यवस्थापन सम्वन्धमा ।

१७. योजना तथा कार्यक्रम संशोधन सम्वन्धमा ।

१८. ठेक्का प्रक्रिया सम्वन्धमा ।

१९. भेरिएसन आदेश स्वीकृत गर्ने सम्वन्धमा ।

२०. विविध सम्वन्धमा ।

Scanned with CamScanner

**कार्यपालिका वैठक नं.१३ आ.व.२०८१- ०८२ (२०८२/०१/२६ का निर्णयहरु :**

**१. समिक्षा सम्बन्धमा ।**

**क)** अघिल्लो कार्यपालिकाको बैठकबाट गरिएका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा छलफल तथा समीक्षा गरियो ।

**ख)** यस आँबुखैरेनी गाउँपालिका अर्न्तगत वडा कार्यालयहरु, शाखाहरु,आँबुखैरेनी अस्पताल, स्वास्थ्य सँस्थाहरुबाट पेश हुन आएको चैत्र महिनाको प्रगति प्रतिवेदनहरुउपर छलफल गरि गाउँपालिकाको वेभसाइट र प्रवक्तामार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

ग) प्रमुख प्रशासकिय अधिकृतले पेश गर्नुभएको कार्यालयको चैत्र महिनाको आम्दानी खर्च प्रतिवेदन (सुत्र अनुसार) उपर छलफल गरि गाउँपालिकाको वेभसाइट र प्रवक्तामार्फत सार्वजनिक गर्ने निर्णय गरियो

**२. भुमिहिन दलित तथा भुमिहिन सुकुम्बासीहरुको विवरण प्रमाणिकरण सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका तनहुँ अर्न्तगत वडा नं. १ देखि ६ नं. वडा सम्मका भुमिहीन दलित तथा भुमीहिन सुकुम्बासीहरुको तपशिल बमोजिमको विवरण प्रमाणीकरण तथा किटानी गरी भुमि समस्या समाधान आयोग, जिल्ला समिति तनहुँलाई सिफारिस गरी पठाउने निर्णय गरीयो । र भुमिहीन दलित तथा भुमीहिन सुकुम्बासीहरुले प्राप्त गर्ने जग्गाको वर्गिकरण गर्ने निर्णय गरीयो ।

**तपशिल :**

| वडा नं. १ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | नक्सा नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) | जग्गा आवाद कमोद गर्नेको नामथर | भुमीहिन सुकुम्वासी/भुमिहीन दलित | जग्गाको वर्गिकरण | कैफियत |
| १ | १/ङ | २६ | २६२.७२ | जित बहादुर भुजेल | भुमीहिन सुकुम्वासी | बसोवास | |
| २. | १/ङ | २७ | ९६.९४ | पदम कुमारी बाचे मगर | भुमीहिन सुकुम्वासी | बसोवास | |
| ३. | १/ठ | ११ | ८४९.७६ | सन्त बहादुर मगर | भुमीहिन सुकुम्वासी | कृषि | |
| वडा नं. २ | | | | | | | |
| १ | २/ञ | १७ | ३४० | विना गुरुङ | भुमिहीन सुकुम्वासी | कृषि | |
| २. | २/ट | ५ | १५२१.६४ | डिलमाया भण्डारी | भुमिहीन सुकुम्वासी | कृषि | |
| ३. | २/ट | १०१ | ३००० | श्रीमाया गुरुङ/डिल बहादुर गुरुङ | भुमिहीन सुकुम्बासी | कृषि | |
| ४. | २/ट | ७० | ६२०.६२ | सन माया गुरुङ | भुमिहीन सुकुम्बासी | कृषि | |
| ५. | २/ठ | ४९ | २८२.०५ | केशव परियार/रिया परीयार | भुमिहिन दलित | बसोबास | |
| ६. | २/ड | ५ | १५२.८९ | गालु मायाँ लाए मगर | भुमिहीन सुकुम्बासी | कृषि | |

Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७. | २/ड | ६ | ३४० | ज्ञान वहादुर राना | भुमिहीन सुकुम्वासी | कृषि | |
| ८. | २/ड | ९ | १९६४.६५ | मैया देवी गुरुङ | भुमिहीन सुकुम्वासी | कृषि | |
| ९. | २/थ | ११ | २०३६.९६ | एक बहादुर थापा/पुड्की थापा | भुमिहीन सुकुम्वासी | कृषि | |
| १०. | २/भ | ३ | ३००० | चिना माया गुरुङ | भुमिहीन सुकुम्वासी | कृषि | |
| वडा नं. ३ | | | | | | | |
| १. | ३/क | २५ | ५४.३९ | श्रीमाया गुरुङ/विर बहादुर गुरुङ | भुमिहीन सुकुम्वासी | वसोवास | |
| २. | ३/क | २६ | ५८.३९ | सुनिता लामा/डम्बर वहादुर थापा | भुमिहीन सुकुम्वासी | वसोवास | |
| ३. | ३/क | ५७६५ | १०२४.८८ | होम वहादुर सुनार/भिमराज वि.क.सुनार | भुमिहिन दलित | कृषि | |
| ४. | २/क | ५९ | ४५५.९१ | लक्ष्मी वि.क./भिमराज वि.क.सुनार | भुमिहिन दलित | कृषि | |
| ५. | २/क | ६३ | २३३.५७ | सरिता रामदाम वि.क./मेखलाल वि.क. | भुमिहिन दलित | कृषि | |
| ६. | ३/क | ३४ | २४७.४७ | वुध कुमारी सुनार/नित वहादुर सुनार | भुमिहिन दलित | वसोवास | |
| ७. | ३/क | ८२ | १४६.४७ | मसिना देउला | भुमिहिन दलित | वसोवास | |
| ८. | ३/क | ६२ | २१८.१२ | हेम बहादुर गुरुङ/विष्णु माया गुरुङ | भुमिहिन सुकुम्वासी | वसोवास | |
| ९. | ३/क | ४९ | १६०.९१ | आइत मान गुरुङ | भुमिहिन सुकुम्वासी | वसोवास | |
| १०. | ३/क | ३७ | ९२.०४ | मान वहादुर गुरुङ/मनुमाया गुरुङ | भुमिहिन सुकुम्वासी | वसोवास | |
| ११. | ३/क | ६८ | १०९.६२ | वुद्धि माया गुरुङ/दिपक गुरुङ | भुमिहिन सुकुम्वासी | वसोवास | |
| १२. | ३/क | २०<br>३८ | १०८.९६<br>४७.५१ | बुद्धि बहादुर गुरुङ/चन्द्रकासी गुरुङ | भुमिहिन सुकुम्वासी | वसोवास | |
| १३. | ३/क | १२ | ६९.४७ | शिव गुरुङ/निसा गुरुङ | भुमिहिन सुकुम्वासी | वसोवास | |

Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४. | ३/ख | १२ | ५८.३४ | मनुमाया सुनार/किसान वि.क. | भुमिहीन दलित | बसोवास | |
| १५. | ३/ख | ४ | १०४.१२ | दिल कुमार जोसि/चमेली माया जोशी | भुमिहिन सुकुम्वासी | बसोवास | |
| १६. | ३/ख | ५ | ७८.१७ | रविन्द्र जोशी/रजनी जोशी | भुमिहीन सुकुम्वासी | बसोवास | |
| १७. | ३/ख | ९ | ९५.९८ | नौराज राई/सन्जिता राइ | भुमिहीन सुकुम्वासी | बसोवास | |
| १८. | ३/ख | १४ | ६४.९८ | सरस्वती लामा/चन्द्र वहादुर लामा | भुमिहीन सुकुम्वासी | बसोवास | |
| १९. | ३/ख | २३ | १५.९८ | आर्मन थापा | भुमिहीन सुकुम्वासी | बसोवास | |
| २०. | ३/ख | २५<br>४५ | ८२.४४<br>३०.९३ | ज्ञानु माया श्रेष्ठ/<br>हितमान श्रेष्ठ | भुमिहीन सुकुम्वासी | बसोवास | |
| २१. | ३/ङ | २२ | १७०.३८ | गुम बहादुर गुरुङ/जानकी गुरुङ | भुमिहीन सुकुम्वासी | बसोवास | निवेदकको मृत्यु भएको हुँदा जिनको हकवाला छोरा राजन गुरुङको नाममा दर्ता गर्ने । |
| | | | | **वडा नं. ४** | | | |
| १. | ४/ढ | ३१ | ३१०.०४ | तक माया दमै/कुमार दमै | भुमिहीन दलित | कृषि | |
| | | | | **वडा नं. ५** | | | |
| १. | ५/ग | १ | २५४३.५५ | शुकमाया प्रजा | भुमिहीन सुकुम्वासी | कृषि | |
| २. | ५/च | २ | ६०८२.७० | मन बहादुर प्रजा | भुमिहीन सुकुम्वासी | कृषि | |
| ३. | ५/च | ३ | ८८१४.०२ | सरिता प्रजा | भुमिहीन सुकुम्वासी | कृषि | |
| ४. | ५/छ | १ | ७०९१.९३ | डिल बहादुर प्रजा | भुमिहीन सुकुम्वासी | कृषि | |
| ५. | ५/छ | ५ | ४०१८.९४ | भरिमाया प्रजा | भुमिहीन सुकुम्वासी | कृषि | |
| | | | | **वडा नं.६** | | | |
| १. | ६/ट | २ | ३३३१.७३ | छविलाल भुजेल | भुमिहीन सुकुम्वासी | कृषि | |
| २. | ६/ट | ३ | ३९८१.७५ | वुद्धि वहादुर भुजेल | भुमिहीन सुकुम्वासी | कृषि | |

Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | ६/ठ | १ | ३२८२.९२ | आइत बहादुर गुरुङ | भुमिहीन सुकुम्बासी | कृषि | |
| ४. | ६/ड | २ | १९९०.२१ | सुक बहादुर भुजेल | भुमिहीन सुकुम्बासी | कृषि | |
| ५. | ६/न | ४ | ४०४६.७३ | प्रेम बहादुर भुजेल | भुमिहीन सुकुम्बासी | कृषि | |
| ६. | ६/न | ९ | ६६.४९ | राम मायाँ परियार | भुमिहीन सुकुम्बासी | बसोबास | |
| ७. | ६/न | १५ | १८८७.७२ | रेनुका माया लामिछाने | भुमिहीन सुकुम्बासी | कृषि | निवेदकको मृत्यु भएको हुँदा जिनको हकवाला छोरा सुरेन्द्र प्रसाद लामिछानेको नाममा दर्ता गर्ने । |

**<u>३. कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।</u>**

यस आँबुखैरेनी गाउँकार्यपालिकाको स्वीकृत नीति तथा कार्यक्रमहरु बमोजिमका योजना तथा कार्यक्रमहरु नियम संगत तथा व्यवस्थित तरिकाले सञ्चालन गर्नका लागि निर्माण गरी पालिकाको विधायन समितिबाट निर्णय भई स्वीकृतिको लागि पेश भएका तपशिल बमोजिमका कार्यविधिहरु उपर छलफल गरीउक्त ऐन, नियमावली तथा कार्यविधिहरु संविधानमा उल्लेखित स्थानीय सरकारको अधिकार भित्रका कार्यहरुसँग सम्बन्धित रहेको र यस्को निर्माण गर्दा संघीय र प्रदेश कानूनसँग प्रतिकूल नभएको, स्वच्छ न्यायपूर्ण तथा तर्कसङ्गत देखिएको, निर्माण गरिएको ऐन, नियमावली तथा कार्यविधिहरु व्यवहारिक रुपमा जनताको घरदैलोमा लागु भई कार्यान्वयन हुन सक्ने पाइएको तथा कार्यविधि कार्यान्वयनका लागि आवश्यक आर्थिक श्रोत तथा संस्थागत संरचनाको व्यवस्था भएको पाइएकोले तपशिलका ऐन, नियमावली तथा कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**<u>तपशिल :</u>**

क) आँबुखैरेनी गाउँपालिका मेलमिलाप केन्द्र सञ्चालन सम्वन्धी कार्यविधी, २०७६ संशोधन ।

ख) बेमौसमी तरकारी तथा फलफूल खेती कार्यक्रम कार्यविधी, ०८२ । x

~~ग) मागमा आधारित कृषि अनुदान २०८०, संशोधन ।~~ x ०८१।११।१८ मा स्वीकृत भएकोले

**<u>निर्णय नं. ४ : भुक्तानी सम्बन्धमा ।</u>**

**<u>क) विद्यालय भाडा खर्च सम्बन्धमा ।</u>**

यस आँबुखैरेनी गाउँपालिका वडा नं. ५ स्थित श्री जलदेवी आधारभूत विद्यालयको शाखाको रुपमा सञ्चालित बालविकास दोन्द्राङवेशीको घर भाडामा लिएर २०८० सालदेखि सञ्चालन गर्दै आईरहेकोमा उक्त घरको घरधनीलाई मिति २०८१/०२/०१ देखि २०८१/१२/३० (जेठ महिनादेखि चैत्र महिना सम्म) सम्मको मासिक रु.३,०००/-(अक्षररुपी तिन हजार रुपैँया मात्र ।) का दरले ११ महिनाको जम्मा भाडा रकम रु.३३,०००/-(अक्षररुपी तेत्तीस हजार रुपैँया मात्र ।) भुक्तानीको लागि पेश भएको निवेदन उपर छलफल गरी गाउँकार्यपालिकाको स्वीकृत खर्च शिर्षकबाट भुक्तानी दिन निर्णय गरीयो ।

**<u>ख) विपन्न आवास मर्मत खर्च सम्बन्धमा ।</u>**

यस आँबुखैरेनी गाउँपालिकाको आर्थिक वर्ष ०८१/८२ को स्वीकृत विपन्न आवास कार्यक्रम अर्न्तगत गाउँपालिकाका जीर्ण अवस्थामा रहेका तथा विभिन्न प्रकोपको कारण क्षतिग्रस्त भएका आवासमा जोखिमपुर्ण तरिकाले वसोबास गरीरहेका र कमजोर आर्थिक अवस्था भएको कारण घर मर्मत गर्नको लागि आवश्यक जस्तापाता तथा निर्माण सामग्री खरिद गर्न नसकेका विपन्न नागरीकहरुको माग तथा सम्वन्धित वडाको सिफारिस बमोजिम जस्तापाता तथा निर्माण सामग्री वितरण कार्य सम्पन्न गरिएको हुँदा सो कार्यको लागि कायालियको आदेश बमोजिम निर्माण सामग्रीहरु उपलब्ध गराएबापत जम्मा रकम

Scanned with CamScanner

रु.९,३४,८०६/-(अक्षररुपी नौ लाख चौतिस हजार आठ सय छ रुपैंया मात्र ।) भुक्तानीको लागि श्री मर्स्याङ्दी हार्डवयर उद्योग, आँबुखैरेनीले निवेदन पेश भएको हुँदा सो कार्यको अनुगमन प्रतिवेदन, प्राविधिक विल तथा कार्य सम्पन्न प्रतिवेदन बमोजिम गाउँकार्यपालिकाको स्वीकृत विपन्न आवास खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरीयो ।

**ग) खानेपानी पाईप खरिद वितरण खर्च सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकाको आर्थिक वर्ष ०८१/८२ को स्वीकृत पाईप जाली खरिद कार्यक्रम अर्न्तगत गाउँपालिकाका विभिन्न प्रकोपको कारण खानेपानी पाईपहरु क्षतिग्रस्त भई खानेपानी वितरणमा समस्या भएको तथा आर्थिक अवस्था कमजोर भई खानेपानी पाईप खरिद गर्न नसकेकोले लामो दुरीबाट गाग्रीमा पानी बोकेर ल्याउनुपर्ने तथा सिँचाई सुविधामा समस्या परेकोले पाईप उपलब्ध गराईदिन भनि सम्बन्धित खानेपानी उपभोक्ता समितिहरुको निवेदन, विपन्न नागरीकहरुको निवेदन तथा सम्बन्धित वडाको सिफारिस बमोजिम खानेपानी पाईप वितण कार्य सम्पन्न गरीएकोमा सो कार्यको लागि कायालियको आदेश बमोजिम खानेपानी पाईप तथा अन्य सामग्रीहरु उपलब्ध गराएबापत जम्मा रकम रु.९,६५,८११/- (अक्षररुपी नौ लाख पैसट्ठी हजार आठ सय एघार रुपैंया मात्र ।) भुक्तानीको लागि श्री मर्स्याङ्दी स्टोर्स, आँबुखैरेनीले निवेदन पेश भएको हुँदा सो कार्यको अनुगमन प्रतिवेदन, प्राविधिक विल तथा कार्य सम्पन्न प्रतिवेदन बमोजिम गाउँकार्यपालिकाको स्वीकृत पाईप जाली खरिद खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरीयो ।

**घ) प्रोत्साहन रकम भुक्तानी सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका वडा नं. ३ स्थित रामशाह माध्यमिक विद्यालयमा प्राविधिक धार तर्फ कक्षा १२ मा सिभिल इन्जिनियरिङ अध्ययनरत विद्यार्थीहरुको समूहले आँबुखैरेनी गाउँपालिकामा रहेको ६ वटै वडाको सडक सर्भे गरी सो को प्रतिवेदन पेश गरेको हुँदा सो कार्य गरेवापत प्रोत्साहन स्वरुप गाउँकार्यपालिकाको स्वीकृत सेवा र परामर्श खर्च शिर्षकबाट जम्मा रु.६६,०००/-(अक्षररुपी छैंसट्ठी हजार रुपैंया मात्र ।) भुक्तानी दिने निर्णय गरीयो ।

**ङ). उत्पादनमा आधारित (मह,मास र गुन्द्रुक) अनुदान कार्यक्रम सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँकार्यपालिकाको स्वीकृत नीति तथा कार्यक्रम उत्पादनमा आधारित (मह,मास र गुन्द्रुक) अनुदान कार्यक्रममा जम्मा रु.३,००,०००/-विनियोजन गरीएकोमा स्थानीय उत्पादन बमोजिम भुक्तानीको लागि जम्मा रु.४,००,०००/- पेश भएको हुँदा उक्त अपुग रकम रु.१,००,०००/-कृषिमा आधारित नवप्रवर्द्धन कार्यक्रमबाट भुक्तानी दिने निर्णय गरीयो ।

**निर्णय नं. ५ : फोकल पर्सनको जिम्मेवारी सम्बन्धमा ।**

भुमिसम्बन्धी समस्या समाधान आयोग, आँबुखैरेनी गाउँपालिकाको शाखा प्रमुख वा फोकल पर्सनको जिम्मेवारी इन्जिनियर ईश्वर भण्डारीलाई जिम्मेवारी दिने सम्वन्धमा ।

**निर्णय नं. ६ : लागु औषध सेवन जाँच गर्ने प्रयोग गरिने परीक्षण कीट उपलब्ध गराउने सम्बन्धमा ।**

यस आँबुखैरेनी गाँउपालिका वडा नं. ३ स्थित रहेको इलाका प्रहरी कार्यालय, आँबुखैरेनीद्धारा कार्यालयको कार्य क्षेत्र भित्र मुख्यगरी पृथ्वी राजमार्ग सडक खण्ड लगायत अन्य सहायक सडक खण्डहरुमा हुने सवारी साधनका चालकहरुले लागु औषध सेवन गरी सवारी साधन चलाउने गरेको सम्बन्धि सूचनाहरु प्राप्त भएको साथै ट्राफिक चेकजाँचको क्रममा पनि यस्ता गतिविधहरु बढ्दै गएको देखिएकोले सार्वजनिक सुरक्षा, सवारी दुर्घटना न्यूनीकरण तथा कानुन कार्यान्वयनको निगरानी तथा नियन्त्रणको लागि लागुऔषध सेवन जाँच गर्न प्रयोग गरीने परिक्षण किट बक्स आवश्यक भएकोले उपलब्ध गराईदिन भनि प.सं.०८१/८२, च.नं.२३२५, मिति २०८२/०१/०७ मा पेश गरेको निवेदन उपर छलफल गरी यस

Scanned with CamScanner

क्षेत्रमा लागुपदार्थ दुव्यर्सनी रोकथाम तथा न्यूनीकरण, सामाजिक सुरक्षा, सवारी दुर्घटना न्यूनीकरण तथा कानुन कार्यान्वयनको निगरानी तथा नियन्त्रणको लागि प्रस्ताव मनासिब लागेकोले गाउँकार्यपालिकाको स्वीकृत मसलन्द तथा कार्यालय सामग्री खर्च शिर्षकबाट भुक्तानी हुनेगरी उक्त परीक्षण कीट खरिद गरी उपलब्ध गराउने निर्णय गरीयो ।

**निर्णय नं. ७ : विद्यार्थि वचत खाता कार्यक्रम सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँकार्यपालिकाको आर्थिक वर्ष ०८१/८२ को स्वीकृत नीति तथा कार्यक्रम विद्यार्थी बचत खाता कार्यक्रम अर्न्तगत यस गाउँपालिकाको सामुदायिक विद्यालयमा कक्षा १ देखि कक्षा १० सम्म अध्ययनरत विद्यार्थिहरुको बचत खाता कार्यक्रम कुमारी बैंक सँगको समन्वयमा सञ्चालन गरीएकोमा सोही बमोजिम जम्मा ८१९ जना विद्यार्थिहरुको खाता खोलिएकोले प्रति विद्यार्थी रु.१,०००/-(अक्षररुपी एक हजार रुपैंया मात्र ।) का दरले ८१९ जनाको हुन आउने जम्मा रकम रु.८,१९,०००/-(अक्षररुपी आठ लाख उन्नाईस हजार रुपैंया मात्र ।) भुक्तानी भएको एक हप्ताभित्र सम्वन्धित विद्यार्थीहरुको खातामा जम्मा गरीसक्नुपर्ने गरी एकमुष्ठ रुपमा कुमारी बैंक, आँबुखैरेनी शाखाको खातामा भुक्तानी गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ८ : लिखित स्पष्टीकरण माग गर्ने सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका अर्न्तगत वडा नं. २ र वडा नं.६ मा असिष्टेन्ट सब इन्जिनियर पदमा कार्यरत क्रमशः निराजन राना र इन्द्र बहादुर थापा नियमीत रुपमा कार्यालय उपस्थित नभएको, विना जानकारी लामो समयसम्म कार्यालयमा अनुपस्थित भएको, कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता पालना नगरेको पाइएको र उक्त व्यवहारले समग्र वडा तथा गाउँपालिकाको सेवा प्रवाहमा समस्या भएको कारण सो सम्बन्धमा निजहरुसँग ३ दिनभित्र जवाफ पेश गर्नुपर्ने भनि लिखित रुपमा स्पष्टीकरण माग गर्ने र उक्त स्पष्टीकरण उपर सम्बन्धित वडाको वडाअध्यक्ष सहित छलफल गरी चित्तबुझ्दो स्पष्टीकरण नआएमा कानुन बमोजिमको कारवाहीको लागि पेश गर्ने र लिखित जवाफ पेश नभएसम्म हाललाई बैसाख महिनाको पारिश्रमिक रोक्का गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ९ : जनश्रमदानद्धारा योजना निर्माण सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँकार्यपालिकाको स्वीकृत नीति तथा कार्यक्रम बमोजिम पालिकाका जनप्रतिनिधी, कर्मचारीहरु, विभिन्न टोल विकास सँस्थाहरु, युवा क्लब, आमा समुह समाजसेवी तथा अन्य संघ सँस्थाहरु, तथा स्थानीय वासीहरुलाई श्रमदानको लागि अनुरोध गरी जनपरिचालन तथा जनश्रमदानबाट तपशिल बमोजिमको सडक निर्माण गर्ने निर्णय गरीयो ।

**तपशिल :**

- वडा नं. १ र ६ जोड्ने गिराउनचौर गाउँ माथिको सडक ।
- वडा नं. २ र ६ जोड्ने डुम्रीखर्क नजिकको सडक ।
- लाब्दी घुमाउने सडक ।

**निर्णय नं. १० : बुढीमाँ छिम्केश्वरी दर्शन केवलकार आयोजनाको वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका वडा नं. ५ स्थित रहेको छिम्केश्वरी मन्दिरमा केवलकार सञ्चालन प्रयोजनार्थ बुढीमाँ छिम्केश्वरी दर्शन केवलकार आयोजनाको वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन स्वीकृत गरी सम्बन्धित निकायमा सिफारिस गरिदिन पेश भएको निवेदन उपर छलफल गरी सो प्रतिवेदन उपर स्थानीय वासीन्दाहरुको असन्तुष्टि तथा असहमती रहेको पाइएको र उक्त प्रतिवेदन स्वीकृत नगर्न भनि स्थानीयहरुको निवेदन पेश भएको हुँदा सम्बन्धित क्षेत्रका स्थानीय वासिन्दाहरुसँग

Scanned with CamScanner

वृहत छलफल गरी स्थानीय वासिन्दाहरुको सहमती प्राप्त नगरुन्जेल सम्म हाल स्वीकृत नगर्ने निर्णय गरीयो। र उक्त सँस्थालाई पुन स्थानीय वासिन्दाहरुसँग वृहत छलफल गर्न निर्देशन गर्ने निर्णय गरियो।

**निर्णय नं.११ : शिक्षक सरुवा/व्यवस्थापन सम्बन्धमा।**

क) आँबुखैरेनी गाउँपालिका वडा नं. ४ छिम्केश्वरी माध्यमिक विद्यालयमा प्राथमिक तह तृतीय श्रेणी स्थायी शिक्षक राजेन्द्र न्यौपाने (संकेत नं.१७८१३०) लाई आँबुखैरेनी-३, रामशाह माध्यमिक विद्यालयमा काज सरुवा गर्ने निर्णय गरीयो।

ख) यस आँबुखैरेनी गाउँपालिका वडा नं. ५ स्थित ईन्द्रदेवी आ.वि.मा विद्यार्थी सँख्या कम भएकोले तहाँ प्राथमिक तह तृतीय श्रेणी पदमा कार्यरत स्थायी शिक्षक मनि प्रसाद ढकाललाई आँबुखैरेनी गाउँपालिका वडा नं. ५ स्थित जलदेवी आधारभुत विद्यालयमा सरुवा गर्ने निर्णय गरीयो।

ग) आँबुखैरेनी गाउँपालिका वडा नं. ५ स्थित इन्द्रदेवी आधारभुत विद्यालयमा नि.मा.वि.तृतीय पदमा कार्यरत राहत शिक्षक नवराज अधिकारीलाई उक्त विद्यालयमा विद्यार्थी सँख्या न्यून भएकोले आँबुखैरेनी गाउँपालिका वडा नं. ४ स्थित छिम्केश्वरी मा.वि.मा सरुवा गर्ने निर्णय गरीयो।

घ) आँबुखैरेनी गाउँपालिका वडा नं. ५ स्थित इन्द्रदेवी आधारभुत विद्यालयमा नि.मा.वि.तृतीय पदमा कार्यरत राहत शिक्षक सविता खनाललाई उक्त विद्यालयमा विद्यार्थी सँख्या न्यून भएकोले आँबुखैरेनी गाउँपालिका वडा नं. १ स्थित चन्द्रोदय मा.वि.मा सरुवा गर्ने निर्णय गरीयो।

**निर्णय नं. १२ : उपचार खर्च व्यवस्थापन सम्बन्धमा।**

क) यस आँबुखैरेनी गाउँपालिकाद्धारा सञ्चालित आँबुखैरेनी अस्पतालमा उपचाररत रहेको हेपाटाईटिस वि पोजिटिभ ४६ वर्षिय विरामीको उपचार गर्ने क्रममा आँबुखैरेनी अस्पतालको ईर्मजेन्सी शाखामा हेल्थ असिष्टेन्ट पदमा कार्यरत कर्मचारी प्रविण ढकाल र एक्स रे शाखामा कार्यरत कर्मचारी पुनम के.सि.लाई सङ्क्रमण हुन पुगेको हुँदा तत्काल हेपाटाईटिस वि. खोप र इम्युनोग्लोविन भ्याक्सिन लगाउने र सो बापतको विल अनुसारको उपचार खर्च गाउँकार्यपालिकाको स्वीकृत नागरीक उपचार तथा व्यवसायी सुरक्षा कोषबाट खर्च हुनेगरी कार्यालयबाट भुक्तानी दिने निर्णय गरियो।

ख) यस आँबुखैरेनी गाउँपालिका वडा नं. ३ निवासी गगनसिं खवासको बुहारी, टेक वहादुर खवासको श्रीमती ना.प्र.नं.४३३०२९/२३३ को कालिका खवास मुटु सम्बन्धी रोगबाट विरामी भई उपचाररत रहेकोमा निजको घरको आर्थिक अवस्था कमजोर भएको कारण उपचारमा समस्या भएकोले उपचारको लागि आर्थिक सहयोग उपलब्ध गराईदिन भनि पेश भएको निवेदन उपर छलफल गर्दा निजको निवेदन, सम्बन्धित वडाको सिफारिस तथा उपचारको कागजात वमोजिम गाउँकार्यपालिकाको स्वीकृत नागरीक उपचार तथा व्यवसायी सुरक्षा कोषबाट खर्च हुनेगरी जम्मा रु.२५,०००/-(अक्षररुपी पच्चीस हजार रुपैंया मात्र।) उपचार खर्च उपलब्ध गराउने निर्णय गरीयो।

**निर्णय नं.१३ : विपद व्यवस्थापन सम्बन्धमा।**

यस आँबुखैरेनी गाउँपालिका वडा नं. ३ अर्न्तगत कृष्ण मन्दिर टोलमा नाला तथा स्ल्याव निर्माण योजनाको लागि गाउँकार्यपालिकाको स्वीकृत विपद व्यवस्थापन कोषबाट खर्च हुनेगरी जम्मा रु.२,००,०००/-(अक्षररुपी दुई लाख रुपैंया मात्र।) विनियोजन गर्ने निर्णय गरीयो।

Scanned with CamScanner

**निर्णय नं. १४ : मागमा आधारित कृषि अनुदान कार्यक्रम सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँकार्यपालिकाको स्वीकृत मागमा आधारित कृषि अनुदान कार्यक्रममा जम्मा रु.९,००,०००/-(अक्षररुपी नौ लाख रुपैँया मात्र ।) विनियोजित गरीएकोमा उक्त कार्यक्रमलाई तपशिल बमोजिमको शिर्षकअनुसार रकम विभाजन गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरीयो ।

**तपशिल :**

| क्र.सं. | कार्यक्रम | रकम |
|---|---|---|
| १. | कृषि मेशिनरी तथा यन्त्र उपकरण | ४,५०,०००/- |
| २. | कृषि सामग्री (टनेल प्लाष्टिक, असिना छेक्ने जाली, मल्चिङ प्लाष्टिक) | १,००,०००/- |
| ३. | फलफूल बेर्ना (एभोकाडो) | ८०,०००/- |
| ४. | किविमा थाक्रा व्यवस्थापन | १,००,०००/- |
| ५. | सिंचाई व्यवस्थापन | ९०,०००/- |
| ६. | विउ विजन | ८०,०००/- |
| | **जम्मा रकम रु.** | **९,००,०००/-** |

**निर्णय नं. १५ : नदीजन्य पदार्थ विक्री सम्बन्धमा ।**

क) यस आँबुखैरेनी गाउँपालिकाको स्वीकृत I.E.E. बमोजिम नदीजन्य पदार्थहरु उत्खनन् तथा विक्रीका लागि मर्स्याङ्दी नदी, सेती नदी, रोदी खोला र सिर्दी खोला अर्न्तगतका घाटहरुमा आय ठेक्का वन्दोवस्त गर्नका लागि यस अगाडि ३ पटक सम्म E-Bidding गर्दा पनि कुनैपनि घाटहरु आय ठेक्कामा लाग्न नसकेको हुँदा उक्त घाटहरुवाट स्वीकृत I.E.E.मा उल्लेखित परिमाण भित्रको नदीजन्य पदार्थ कुनै व्यक्ति, संस्था वा आयोजनाहरु बाट खरिदका लागि माग निवेदन पेश भएमा प्रचलित दररेट अनुसारको राजश्व लिई माग बमोजिमको परिमाणमा नदीजन्य पदार्थहरु अमानतमा विक्री गर्ने निर्णय गरीयो ।

ख) साथै निर्णय नं. १५ (क) बमोजिम घाटहरुमा नदीजन्य पदार्थ उत्खनन्को लागि हाते औजारहरुबाट मात्र सम्भव नभएको हुँदा मेशिनरी औजार प्रयोग गर्नुपर्ने र सो का लागि व्याक हो लोडर, जे.सि.बि.लगायतका उपकरणहरु प्रयोग गर्न अनुमति दिने निर्णय गरीयो ।

**निर्णय नं. १६ : कर्मचारी व्यवस्थापन सम्बन्धमा ।**

क) यस आँबुखैरेनी गाउँपालिका कार्यालय तथा कार्यालय मातहतका आँबुखैरेनी अस्पताल, वडा कार्यालयहरु साथै पालिका मातहतका अन्य कार्यालयहरुमा विद्युत जडान तथा इलेक्ट्रीकल सम्बन्धी कार्य गर्नको लागि इलेक्ट्रिसियन पदमा प्रेम कुमार श्रेष्ठलाई करार सेवामा नियुक्ति गरी कामकाज गर्दै आईरहेकोमा हाल अस्पताल तथा अन्य कार्यालयहरुमा सेवा विस्तार सँगै इलेक्ट्रिकल सम्बन्धी कामकाजको लागि थप लोड पर्न गएको हुँदा सम्पुर्ण कार्यालयहरुमा विद्युत तथा पानीसँग सम्बन्धीत मर्मत तथा जडानका कार्यहरु गर्ने जिम्मेवारी थप गरीएका हुँदा निजको पारिश्रमिक यहि जेठ महिनादेखि लागु हुनेगरी रु.२२,०००/-(अक्षररुपी बाईस हजार रुपैँया मात्र ।) बनाउने निर्णय गरीयो ।

ख) आँबुखैरेनी गाउँपालिकाद्धारा सञ्चालित पर्यटकीय स्थल ऐनापहरामा दिनानुदिन पर्यटकहरुको आवागमन वृद्धि भएको र उक्त स्थानमा पर्यटकीय पूर्वाधारहरु पनि थप गरिएको हुँदा सो को संरक्षण तथा सरसफाईको १ जना मात्र कर्मचारी मार्फत गर्न समस्या भएकोले विहान ७ बजेदेखि बेलुका ७ बजेसम्मकै लागि (टिकट काउन्टर खुल्ने समय अवधीभर) दुई सिफ्ट गरी सरसफाईकर्मीको व्यवस्थापन गर्नुपर्ने आवश्यकता देखिएको हुँदा सो को लागि अर्को व्यवस्था नहुँदा सम्म मासिक रु.२०,०००/-(अक्षररुपी बीस हजार रुपैँया मात्र ।) पारिश्रमिक उपलब्ध गराउने गरी यस आँबुखैरेनी गाउँपालिका वडा नं. २

Scanned with CamScanner

निवासी राधा कुँवरलाई कार्यालय सहयोगी/सरसफाईकर्मीको पदमा दैनिक ज्यालादारी डोरहाजिरीमा नियुक्त गरी कामकाज गर्ने/गराउने निर्णय गरीयो ।

ग) यस गाउँपालिकाद्धारा सञ्चालित ऐनापहरा पर्यटन क्षेत्रमा टिकट तथा सुरक्षा व्यवस्थापन प्रयोजनार्थ मिति ०८१/१०/३० को कार्यपालिकाको निर्णय बमोजिम २ जना कम्प्युटर अपरेटर र १ जना चौकिदार दैनिक ज्यालादारी करार सेवामा नियुक्त गरी कामकाज गर्दै गराउँदै आईरहेकोमा निजहरुको कार्यसम्पादन सन्तोषजनक देखिएको र सो कामकाजको लागि पुन कर्मचारी आवश्यक भएको हुँदा अर्को व्यवस्था नभईन्जेल जेठ १ गतेदेखि असार मशान्त सम्मको लागि सोहि कर्मचारीहरुलाई करार सेवा नवीकरण गरी कामकाज गर्न लगाउने निर्णय गरीयो ।

**१७. योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत अघिल्लो कार्यपालिकाको निर्णय बमोजिम योजनाहरु सम्पन्न भएकोमा विविध कारणवश केही योजनाहरु सञ्चालन नहुने भएको हुँदा उक्त योजनाहरु संशोधन गरी तपशिलका योजनाहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**तपशिल :**

| क्र.सं. | सञ्चालन नहुने योजना/कार्यक्रम | |
|---|---|---|
| १ | बरडाँडा चौतारो मर्मत योजना, वडा नं. १ | १,००,००० |
| २. | सत्रसयबाट तिलडाँडासम्म सडक नाला सरसफाई योजना, वडा नं. १ | ५०,००० |
| ३. | बरादीबाट समस्तीपुर सम्म सडकनाला सरसफाई योजना, वडा नं. १ | ५०,००० |
| ४. | अदुवाखर्क किरीयापुत्री भवन निर्माण योजना, वडा नं. २ | १,००,००० |
| ५. | छिम्केश्वरी मन्दिरमा पानी संरक्षणका लागी पोखरी निर्माण योजना, वडा नं. ५ | १,००,००० |

**तपशिल :**

| क्र.सं. | स्वीकृत योजना/कार्यक्रम | विनियोजित रकम |
|---|---|---|
| १. | बरडाँडा देखि झोलुङगे पुल सम्म वाटो निर्माण योजना, वडा नं. १ | १,००,००० |
| २. | कोटगाउँ देखि गिराउनचौर हुँदै समस्तीपुर डिही सम्म सरसफाई योजना, वडा नं.१ | ५,००,००० |
| ३. | आँधिमुल नर्सरी निर्माण तथा पुष्प वृक्षारोपण कार्यक्रम योजना । | १,००,००० |
| ४. | पौवागाउँ पैदल मार्ग निर्माण योजना । | १,७०,००० |
| ५. | पौवागाउँ चौतरा निर्माण योजना | १,००,००० |
| ६. | अन्नपुर्ण चौतरा निर्माण योजना । | १,५०,०००/- |
| ७. | ज्यामीसरा देखि आँबु आ.वि.जाने पैदल मार्ग मर्मत योजना । | १,५०,००० |
| ८. | ऐनापहरा क्षेत्र मर्मत सम्भार योजना | १,५५,०००/- |

**१८. ठेक्का प्रक्रिया सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकाको वडा नं. १ स्थित लागत अनुमान (रु.३५ लाख) रहेको भंगेरी सडक स्तरोन्नती आयोजनाको लागि आगामी गाउँसभाबाट बजेट व्यवस्थापन गर्नेगरी बजेट सुनिश्चितता भएको मानी बोलपत्र आव्हान गरी ठेक्का प्रक्रिया अगाडि बढाउने निर्णय गरीयो ।

**१९. भेरिएसन आदेश (VO) स्वीकृत गर्ने सम्बन्धमा ।**

आँधिमुल पर्यटन पूर्वाधार निर्माण आयोजनामा पूर्वाधार विकास तथा भवन नियमन शाखाबाट पेश भए बमोजिमको भेरिएसन आदेश (VO) स्वीकृत गर्ने निर्णय गरीयो ।

Scanned with CamScanner

**२०. विविध सम्बन्धमा ।**

क) नेपाल सरकार द्वन्द्वपिडित शिक्षा कार्यक्रम अर्न्तगत सहिद प्रतिष्ठान, नेपालद्वारा सञ्चालित श्री शहिद, स्मृति आवासीय मा.वि.पोखरा-१४ मभ्फेरीपाटनमा सहिद, घाईते, वेपत्ताका नानीबाबु लगायत प्राकृतिक प्रकोप, सीमान्तकृत, लोपोन्मुख, विपन्न समुदायका बालबच्चाहरु अध्ययन गर्ने गरेकोमा उक्त विद्यालयमा कलर प्रिन्ट गर्नको लागि कलर प्रिन्टर नभएको तर आवश्यक भएकोले उपलब्ध गराई सहयोग गरीदिन भनि पेश भएको निवेदन उपर छलफल गर्दा निवेदन मनासिब लागेको हुँदा बालबालिकाहरुको अध्ययनमा सहयोग गर्ने उदेश्यका साथ १ थान प्रिन्टर (कलर) उपलब्ध गराउने निर्णय गरीयो ।

**ख) बाखा खोर सुधार कार्यक्रम सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँकार्यपालिकाको स्वीकृत नीति तथा कार्यक्रम बाखा खोर सुधार कार्यक्रम अर्न्तगत गाउँपालिकाको कृषकहरुको माग बमोजिम आधुनिक खोर निर्माण/ सुधारको लागि संघीय कार्यविधि अनुसार बढीमा ८५ प्रतिशत रकम प्राविधीक मूल्याङ्कनको आधारमा उपलब्ध गराउने निर्णय गरीयो ।

**ग) विपन्न दलित लक्षित कार्यक्रम सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँकार्यपालिकाको मिति २०८१/१२/२७ गते गाउँकार्यपालिकाको स्वीकृत विपन्न दलित लक्षित उद्यम कार्यक्रम अर्न्तगत वडा नं.४,५ र ६ मा रहेका विपन्न दलित समुदायका नागरीकहरुलाई उन्नत जातको बाखाको पाठी वितरण गर्ने भनि निर्णय गरीएकोमा सोहि बमोजिम वडा नं. ४,५ र ६ बाट प्राप्त सिफारिस बमोजिम तपशिल अनुसारका नागरीकहरुलाई पूर्ण अनुदानमा उपलब्ध गराउने र सो को गाउँपालिकाको कार्यालयबाट विमा गराउने निर्णय गरीयो ।

तपशिल :

| क्र.सं. | विपन्न दलित नागरीकहरुको नाम | वडा नं. | क्र.सं. | विपन्न दलित नागरीकहरुको नाम | वडा नं. |
|---|---|---|---|---|---|
| १. | लक्ष्मी वि.क. | ४ | २६. | सुन्तली माया कामी | ५ |
| २. | फुलमाया वि.क. | ४ | २७. | बुद्धी लाल कामी | ५ |
| ३. | ओममाया वि.क. | ४ | २८. | आईतराम वि.क. | ५ |
| ४. | पुर्ण माया कामी | ४ | २९. | पन्चे कामी | ५ |
| ५. | रीता सुनार | ४ | ३० | सम्शेर कामी | ५ |
| ६ | फुलमाया सुनार | ४ | ३१. | कृष्णलाल कामी | ५ |
| ७. | सुक वहादुर कामी | ४ | ३२. | निरमाया कमिनी | ५ |
| ८. | कविता विश्वकर्मा | ४ | ३३. | कमला परियार | ६ |
| ९. | राजकुमार कामी | ४ | ३४. | राम कुमार परियार | ६ |
| १०. | सन्सरा वि.क. | ४ | ३५. | अमृता परियार | ६ |
| ११. | टक माया दमै | ४ | ३६. | सोम बहादुर कामी | ६ |
| १२. | शुभकन्या कामी | ५ | ३७. | सुक बहादुर कामी | ६ |
| १३. | शुक माया कामी | ५ | ३८. | तिर्थ बहादुर परियार | ६ |
| १४. | जाल माया वि.क. | ५ | ३९. | पुजा परियार | ६ |
| १५. | विर वहादुर वि.क. | ५ | ४०. | सुमित्रा कामी | ६ |
| १६. | रीता सुनार | ५ | ४१. | गिता वि.क. | ६ |
| १७. | बुद्धिमान कामी | ५ | ४२. | देवी वि.क. | ६ |
| १८. | डल्ली विश्वकर्मा | ५ | ४३. | मधु कुमारी कालीराज. | ६ |
| १९. | डल्ली दमै | ५ | ४४. | कातीरास वि.क. | ६ |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| २०. | परीमाया वि.क. | ५ | ४५. | राम माया परियार | ६ |
| २१. | नर बहादुर कामी | ५ | ४६. | धनमाया वि.क. | ६ |
| २२. | राम बहादुर कामी | ५ | ४७. | कमला कामी | ६ |
| २३. | विर बहादुर कामी | ५ | ४८. | बुनु परियार | ६ |
| २४. | बालकन्या कामी | ५ | ४९. | फुलमाया वि.क. | ६ |
| २५. | आसमाया कामी | ५ | ५०. | हिरामाया वि.क. | ६ |

**घ) कफि खेती प्रवर्द्धन कार्यक्रम सम्बन्धमा।**

यस आँबुखैरेनी गाउँकार्यपालिकाको आ.व.०८१/८२ को स्वीकृत नीति तथा कार्यक्रम कफि खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यक प्रक्रिया अगाढि बढाउन कार्यालयलाई निर्देशन दिने र उक्त कार्यक्रमबाट कृषकहरुको माग बमोजिम ७५ प्रतिशत अनुदानमा कफीको विरुवा वितरण गर्ने निर्णय गरीयो।

Scanned with CamScanner